जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क : ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

वर्ष १३ • अंक २४४ • २०८३ असार १० गते बुधवार • 24 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## बलवा नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को लागी ५५ करोड १२ लाख ५८ हजार बजेट

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ९ असार**



बलवा नगरपालिकाद्वारा आर्थिक वर्ष २०८३।०८४ को लागी ५५ करोड १२ लाख ५८ हजार बजेट ल्याएको छ ।

जसमा कृषि तथा पशुपन्छी, उद्योग तथा वाणिज्य, रोजगार, सिप तथा उद्यम शिलता, पर्यटन प्रर्बद्धन, सहकारी, सामाजिक विकास, स्वास्थ्य, शिक्षा, खानेपानी र सरसफाई, युवा, खेलकुद तथा मनोरञ्जन, लैंगिक समान्ता तथा सामाजिक समावेशीकरण (लक्षित वर्ग समेत), पूर्वाधार विकास, सडक तथा यातायात, भवन ,आवास तथा सहरी विकास, वातावरण तथा विपद व्यवस्थापन, वन, वातावरण तथा विपद् व्यवस्थापन, फोहोरमैला तथा ढल व्यवस्थापन, संगठन तथा सुशासन व्यवस्थापन, संगठन तथा सुशासन व्यवस्थाप, मानव संसाधन व्यवस्थापन, संस्थागत क्षमता विकास, राजश्व परिचालन, सार्वजनिक सेवा प्रवाह, अन्तिम लेखा प्रणाली र बेरुजु फछ्र्यौट, अन्तर निकाय समन्वय, नगर प्रहरी, न्यायीक समिति लगायत विभिन्न क्षेत्रहरु समावेश गरिएका छन भने संघिय सरकारबाट प्राप्त अनुदानहरुः वित्तिय समानिकरण अनुदान संघ ११,६४,००,०००।- ( एघार करोड चौसाठ्ठी लाख) सशर्त अनुदान संघ -२४,५५,००,०००।- (चौबिस करोड पच्चपन्न लाख) विशेष अनुदान संघ- २,८३,००,०००।- (दुई करोड त्रिरासी लाख) सम्पूरक अनुदान संघ- १,४८,००,०००।- (एक करोड अरचालिस लाख) राजश्व वाँडफाँड संघ- १,२३,२४,०००।- (एघार करोड तैइस लाख चौबिस हजार) रहेको छ भने प्रदेश सरकार बाट प्राप्त अनुदानहरु : प्रदेश सरकार समानिकरण अनुदान- ८०,२०,०००।- (अस्सी लाख बिस हजार) प्रदेश राजश्व वाँडफाँड- ७९,१४,०००।- ( उन्नानअसी लाख चौद हजार) प्रदेश शर्सत अनुदान- ६००००००।- (साठ्ठी लाख) प्रदेश बिषेश अनुदान- २००००००।- ( बिस लाख) प्रदेश सम्पूरक-०० रहको छ । यसैगरी बलवा न.पा. बाट प्राप्त रकमहरुः आन्तरिक श्रोत- १,००,००,०००।- (एक करोड) स्थानिय तह राजश्व बाँडफाँड- ५०,००,०००।- (पचाँस लाख) चालु तर्फ - ३३,५२,५८,०००।- (तेतिस करोड बाउन्न लाख अन्ठाउन्न हजार) पुँजीगत तर्फ - २१,६०,००,०००।- (एकाइस करोड साठ्ठी लाख) गरी कुल जम्मा - ५५,१२,५८,०००।- ( पच्चपन्न करोड बाह्र लाख अन्ठाउन हजार) रहेका छन । १२ औ. नगर सभाको नीति,कार्यक्रम तथा बजेट प्रस्तुत नगर प्रमुख राम बिजय महतोले गर्नु भएको थियो भने नगर उपप्रमुख रामदुलारी देवी, प्रमुख प्रशासकिय अधिकृत उमेश महतो, वडा सदस्यहरु,कर्मचारीहरु, नागरिक समाज,विभिन्नदलका प्रतिनिधिहरु,बुद्धिजिविवर्ग,किसान,नगर बासी,पत्रकार तथा सुरक्षा निकायको गरिमामय उपस्थिति रहेको थियो ।

## अतिक्रमित हाट बजारको जमिन खाली गराउन नसक्दा बजार विस्तारमा समस्या



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ९ असार**

रौतहटको चन्द्रपुर नगरपालिका-६ मा अतिक्रमित हाट बजारको जमिन खाली गराउन नसक्दा बजार विस्तारमा समस्या भएको छ । झन्डै पाँच दशकदेखि हाटबजार लाग्ने २९ कट्ठा सार्वजनिक जमिनमध्ये २३ कट्ठा जमिन अतिक्रमण भएको छ ।

हाल करिब छ कट्ठा जमिनमा मात्र हाट लाग्ने गरेको छ । जमिन अतिक्रमण भएपछि बजार विस्तारमा ठुलो समस्या उत्पन्न भएको छ । स्थान अभावका कारण व्यापारी सडक तथा फुटपाथमा पसल राख्न बाध्य भएका छन् । साबिक चन्द्रनिगाहपुर गाउँ विकास समितिका बजार व्यवस्थापक रामबहादुर घलानले भन्नुभयो, “कित्ता नं. १०५ रहेको २९ कट्ठा क्षेत्रफलको उक्त सरकारी जमिन हाल वृन्दावन नगरपालिका ( साबिक विश्रामपुर गाविस-९) की सिबियादेवी बैठाले भूमाफियाको संरक्षणमा २०४९ सालमा आफ्नो नाममा पास गराउनुभएको थियो । त्यसको १७ वर्षपछि गाविसको पहलमा जमिन फिर्ता भयो ।

उक्त जमिनमा स्थानीय ३० जना व्यापारीले कब्जा जमाएका थिए । तीमध्ये १५ जना व्यापारीलाई गाविसले अन्यत्र जग्गा उपलब्ध गराइ बसोवास गराएको थियो तर बाँकी रहेकालाई भने हालसम्म पालिकाले हटाउन सकेको छैन ।” हाटबजारको जमिनमा ठुला ठुला आवासीय र व्यापारिक पक्की भवन समेत निर्माण भएको छ । बजार साँघुरिदा व्यापारी सडक तथा फुटपाथमा व्यापार गर्न बाध्य छन् ।







# रेबिजबारे सचेत बनौं

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ ।

**यसबाट बच्न :**

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसंग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाह बमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

**रेविज लाग्न नदिन समयमा विचार पुऱ्याऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily



## सम्पादकीय

# समाजलाई समृद्ध बनाऔं

*आजको समाजमा बढेको देखावटी तडकभडकले व्यक्तिलगायत सिङ्गो समाजलाई असभ्य, ढोंगी र कुरुप बनाउदै गरेको देखिन्छ । समाजलाई सिँगार्ने भनेको त हरेकको असल व्यवहारले रहेको छ । सभ्य संस्कृति, सदाचार र नैतिकताको उच्च अनुशरणले छ । हरेक व्यक्ति जस्तो छ, ऊसँग जे क्षमता छ सोही अनुसार ढुक्कले आफ्नो काममा रमाउने हो भने विकसित समाज निर्माण गर्न कठिन छैन । अहिलेको हाम्रो प्रमुख समस्या भनेको त कामलाई सानो र ठुलो भनेर वर्गीकरण गर्ने मतलब श्रमको सम्मान नगर्ने प्रवृत्ति रहेको छ । आफूले जानेको, आफूले पाएको काममा ध्यान नदिनु रहेको छ । अनि काम केही नगरेर कुरा मात्रै धेरै गर्ने, कुरा मात्रै ठुला गर्ने बानीले नै हामी सबैलाई पछाडि पारेका छन । अब आजको २१ औं शताब्दीको समाजलाई यो पाच्य हुँदैन । हरेक व्यक्तिमा उच्च नैतिक आचरणको साथमा मानवीय मूल्यले बास गर्न आवश्यक रहेको देखिन्छ ।*

*नेतृत्वले उच्च राजनीतिक संस्कारयुक्त हुन जरुरी देखिन्छन । आफ्नो व्यक्तिगत र दलगत स्वार्थबाट माथि उठेर निष्ठाको राजनीति गर्नुपर्छ । कर्मचारीतन्त्र सदाचार र नैतिकताले धपक्क बलेको सेवक बन्नुपर्छ । हरेक नागरिक सचेत नागरिक बनेर आफ्ना कर्तव्य पूरा गरेर अधिकारको प्रयोग गर्न सक्नुपर्छ । अन्य नागरिक समाज, सङ्घ संस्था सबैले सामाजिक रूपमा सहयोगी भावनाले ओतप्रोत भएर मानवीय मूल्यमान्यताको जगेर्ना गर्दै असल समाज निर्माणको पहरेदार बन्नुपर्छ । अन्तमा मानवताको संरक्षण र प्रवर्धनबाट मात्र समाजलाई स्वस्थ, समृद्ध र सन्तुलित बनाउन सकिन्छ ।*

# लखनऊको अलीगञ्जमा भीषण आगलागी, १५ जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ असार**

भारतको उत्तर प्रदेशस्थित राजधानी लखनऊको अलीगञ्ज क्षेत्र अन्तर्गत पर्ने पुरनिया इलाकामा सोमबार एक भवनमा लागेको भीषण आगलागीमा हालसम्म १५ जनाको मृत्यु भएको पुष्टि भएको छ ।

यस दर्दनाक घटनाले सम्पूर्ण लखनऊ शहरलाई स्तब्ध बनाएको छ । आगलागीपछि भवनभित्र फसेका व्यक्तिहरूको उद्धारका लागि तत्काल राहत तथा उद्धार कार्य सञ्चालन गरिएको थियो । दमकलका अनेकौं गाडी घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिन र फसेकाहरूको उद्धार गर्न खटिएका थिए ।



प्राप्त जानकारीअनुसार घटनामा अन्य केही व्यक्ति घाइते भएका छन् र उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। आगलागीको कारण खुल्न नसकेको भन्दै प्रशासनले घटनाबारे विस्तृत अनुसन्धान सुरु गरेको जनाएको छ । उत्तर प्रदेशका मुख्यमन्त्रीले समेत घटनास्थलको निरीक्षण गर्दै उद्धार तथा राहत कार्यको जानकारी लिएका छन् । घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकका परिवारप्रति समवेदना प्रकट गरिएको छ ।

# लहान नगरपालिकाको १८ औं नगरसभामा सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ९ असार**

लहान नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि एक अर्ब ३८ करोड ७५ लाख १० हजार ५७६ रुपियाँ ३७ पैसाको बजेट नगरसभामा प्रस्तावित गरेको छ । लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले १८ औं नगरसभामा आन्तरिक स्रोततर्फ १६ करोड ३२ लाख आठ हजार ५७६ रुपियाँ ३७ पैसा, अल्या (मौज्दात रकम) तर्फ २९ करोड रुपियाँ, सङ्घीय समानीकरण अनुदानतर्फ २० करोड ६३ लाख रुपियाँ, सङ्घीय ससर्त अनुदान चालुतर्फ ४४ करोड ४३ लाख रुपियाँ, सङ्घीय ससर्त अनुदान पूँजीगततर्फ एक करोड ७५ लाख रुपियाँ, सङ्घीय विशेष अनुदान पूँजीगततर्फ एक करोड ७५ लाख रुपियाँ, सङ्घीय समपूरक अनुदानतर्फ ४५ लाख रुपियाँ, प्रदेश समानीकरणतर्फ एक करोड ४४ लाख ४९ हजार रुपियाँ, प्रदेश पूँजीगततर्फ ३० लाख रुपियाँ, सङ्घीय राजस्व बाँडफाँडतर्फ एक करोड २० लाख ६० हजार रुपियाँ र मालपोत रजिस्ट्रिसन अनुमानित रकम ६ करोड रुपियाँ गरी कुल बजेट प्रस्तावित गर्नुभएको हो ।

लहान नगरपालिकाको चालु खर्चतर्फ ३४ करोड ८० लाख रुपियाँ र सङ्घीय सरकारको चालुतर्फको कार्यक्रमका लागि ४४ करोड ४३ लाख रुपियाँ गरी जम्मा चालु खर्च ५६.६९ प्रतिशत (७९ करोड २३ लाख रुपियाँ) र पूँजीगत खर्चतर्फ ४३.३१ प्रतिशत (६० करोड ५२ लाख १० हजार ५७६ रुपियाँ ३७ पैसा) विनियोजन गरिएको छ । प्रस्तावित बजेटमा पूर्वाधार, सहरी विकास, शिक्षा, युवा तथा खेलकुद विकास, स्वास्थ्य, कृषि तथा सिँचाइ, पशु विकास, खानेपानी, सरसफाइ तथा सुरक्षित आवास कार्यक्रमलाई प्राथमिकता दिइएको छ । कार्यक्रमका




प्रमुख अतिथि मधेश प्रदेशसभाका पूर्वसदस्य लगनलाल चौधरीले प्रस्तावित बजेट लहानको विकास र निकासका लागि अति नै उपयोगी रहेको भन्दै प्रशंसा गर्नुभयो। उहाँले बजेट कार्यान्वयन गर्न इमानदार प्रयास गर्नुपर्ने सुझाव दिनुभयो । कार्यक्रममा मधेश प्रदेशसभा सदस्य ललिता दासले बजेटमा दाइजो प्रथा हटाउन, सहरी क्षेत्रमा चौपाया नियन्त्रण गर्न र गरिब विपन्नको उपचारका लागि ठोस कार्यक्रम नरहेको तर्फ ध्यान केन्द्रित गराउनुभयो ।


## सूचना ! सूचना !! सूचना !!!

**नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमीन अतिक्रमण गर्नु हुदैन । सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो ।**

**मधेश प्रदेश सरकार**
**उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम धनुषा**


## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः लामो यात्राको योग छ
मिथूनः खानपानमा समस्या आउने
कर्कटः पढाईमा ध्यान दिनुपर्ने
सिंहः अनावश्यक चिन्ता
कन्याः मनमा पछुतो आउने
तुलाः पिछडेको साथी मिल्न
वृश्चिकः विचार गरेर बोल्नुहोला
धनुः आम्दानी हुने
मकरः मित्रतामा फाटो आउने
कूम्भः अनावश्यक खर्चको संभावना
मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# मधेश प्रदेश अन्नको भण्डारसँगै आँपको राजधानी पनि



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ९ असार**

मधेश प्रदेशलाई अन्नको भण्डारसँगै आँपको राजधानी पनि भन्ने गरिन्छ। देशभर उत्पादन हुने कुल आँपमध्ये तीन चौथाइभन्दा बढी आँप मधेशमै उत्पादन हुने भएकाले यो उपाधि दिइएको हो।

बम्बई, माल्दा, दसहरी, कृष्णभोग, आम्रपाली, कलकतिया, जर्दालुलगायत ४० भन्दा बढी जातका आँप यहाँ उत्पादन हुने गरेका छन्। उर्वर भूमि, अनुकूल हावापानी र किसानको परिश्रमका कारण मधेश नेपालको सबैभन्दा ठुलो आँप उत्पादन केन्द्र बनेको छ। यहाँका किसान व्यावसायिक तथा परम्परागत दुवै तरिकाले आँप खेती गर्दै आएका छन्। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशको तथ्याङ्क अनुसार नेपालभर ४२ हजार ७७३ हेक्टर क्षेत्रफलमा आँप खेती हुँदै आएको छ। यसबाट वार्षिक पाँच लाख १३ हजार ५५ मेट्रिक टन आँप उत्पादन हुन्छ। त्यसमध्ये मधेश प्रदेशमा मात्रै २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँप खेती भइरहेको छ, जहाँबाट वार्षिक तीन लाख ९५ हजार ७९४ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ।

उत्पादनका हिसाबले सिराहा अग्रस्थानमा रहेको छ, जहाँ वार्षिक एक लाख चार हजार ६७६ मेट्रिक टन आँप उत्पादन हुन्छ। त्यसपछि सप्तरीमा ९६ हजार मेट्रिक टन, रौतहटमा ६२ हजार ५६१, सर्लाहीमा ३९ हजार ११८, धनुषामा ३६ हजार ९१६, महोत्तरीमा ३२ हजार ७२२, बारामा १९ हजार २६९ तथा पर्सामा चार हजार ७३१ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ। तथ्याङ्क अनुसार देशको कुल आँप उत्पादनमध्ये ७७.१ प्रतिशत योगदान मधेश प्रदेशको रहेको छ। धनुषाको बटेश्वरका युवा फुलगेन महतोले प्रदेश आँप उत्पादनको केन्द्र भए पनि बजारीकरणको समस्या रहेको बताउनुभयो। किसानले अहिले प्रतिकिलो ३० देखि ५० रुपियाँमा आँप बिक्री गर्न बाध्य रहेको उहाँको भनाइ छ। महतोले यही अवस्थालाई ध्यानमा राखेर आँपको बजारीकरण तथा आँपमार्फत पर्यटन प्रवर्धन गर्ने उद्देश्यले विगत तीन वर्षदेखि बटेश्वरस्थित आँप बगैंचामा आँप मेला-महोत्सव आयोजना गर्दै आएको बताउनुभयो। उहाँका अनुसार मधेशका हजारौँ परिवार प्रत्यक्ष रूपमा आँप खेतीमा संलग्न छन्। पछिल्ला वर्षमा वैदेशिक रोजगारीबाट फर्किएका युवासमेत आधुनिक बगैंचा स्थापना गरी आँप खेतीतर्फ आकर्षित हुन थालेका छन्। एकपटक रोपेपछि दशकौँसम्म उत्पादन दिने भएकाले किसानले यसलाई दीर्घकालीन लगानीका रूपमा लिन थालेको उहाँको भनाइ छ।

**सूचना ! सूचना !! सूचना !!!**

**खेलकुदका माध्यमबाट स्वस्थ, सक्षम, अनुशासित, मर्यादित, सिर्जनशील र मानवीय संवेदनायुक्त नागरिक निर्माण गरौं ।**

मधेश प्रदेश सरकार
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
मधेश प्रदेश जनकपुरधाम, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

**भवन निर्माण संहिताको पालन गरि भवन निर्माण गरौं, सम्भावित जोखिमबाट बचौं ।**

मधेश प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
मधेश प्रदेश जनकपुरधाम, धनुषा

## दलित समाज उत्थान समिति नेपाल

**Dalit Society Welfare Committee Nepal (DSWCN)**
महोत्तरी-४, महोत्तरी
स्था.: २०५८

प्रकाशित मिति : २०८३।०३।१० गते          अन्तिम म्याद २०८३।०३।१४ गते

**विषय : Community Education facilitator पदका लागि दरखास्त आह्वान सम्बन्धमा ।**

दलित समाज उत्थान समिति नेपाल (Dalit Society Welfare committee Nepal) महोतरी जिल्लामा विगत २४ वर्ष देखि संचालनमा रहेको एक गैर सरकारी संस्था हो । संस्थाले जिल्लाका विभिन्न निकायहरुको सहकार्यमा शिक्षा, जिविकोपार्जन, स्वास्थ्य, खानेपानि तथा सरसफाई लगाएत बालबालिका तथा महिलाको हकहित संरक्षण, न्यायमा पँहुच जस्ता कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ ।

वर्ल्ड भिजन ईन्टरनेशनल (World vision International Nepal) सँगको सहकार्यमा महोतरी जिल्लाको सम्सि र एकडारा गाउँपालिकाहरुमा HATEMALO for Child Wellbeing and integrated development Program संचालन गरिरहेको हुँदा उक्त कार्यक्रम अन्तर्गत "घर र विद्यालयमा सिकाइ तथा समृद्धि कार्यक्रम" (Learn and Thrive at Home and School) को लागि केहि Community Education facilitator (CEF) आवश्यक परेकोले योग्यता पुगेको नेपालि नागरिकहरुबाट दरखास्तको आह्वान गरिन्छ ।

| पद | शैक्षिक योग्यता | न्यूनतम योग्यता |
|---|---|---|
| Community Education facilitator (CEF) – केहि | १०+२ पास गरेको | • सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भएको ।<br>• छनोट गरिएका घरधुरीहरुमा सुरक्षित तथा बालमैत्री सिकाइ कुनाको स्थापना तथा सञ्चालनमा सहजीकरण गर्ने।<br>• बालबालिकाहरुलाई खेलमुखी सिकाइ तथा अंग्रेजी सिकाइ सामग्रीको वितरण र प्रभावकारी प्रयोग सुनिश्चित गर्ने।<br>• पढाइ, कथा वाचन, शैक्षिक खेलकुद तथा आधारभूत अंग्रेजी सिकाइ गतिविधिहरु सञ्चालन गर्ने।<br>• अभिभावक तथा हेरचाहकर्ताहरुलाई घरमै बालबालिकाको सिकाइमा सहयोग गर्ने सीप तथा ज्ञान प्रदान गर्ने।<br>• विद्यालयहरुमा बालमैत्री कक्षा वातावरण तथा उपयुक्त बसाइ व्यवस्थापन सुधारमा सहयोग गर्ने।<br>• शिक्षक तथा विद्यालयलाई सूचना तथा सञ्चार प्रविधि (ICT) आधारित सिकाइ सामग्रीको प्रयोगमा सहजीकरण गर्ने।<br>• समुदाय, विद्यालय तथा अभिभावकहरुलाई बालबालिकाको नियमित सिकाइमा सक्रिय सहभागिताका लागि परिचालन गर्ने।<br>• सिकाइ कुना, सिकाइ सामग्री तथा डिजिटल स्रोतहरुको नियमित अनुगमन तथा फलोअप गर्ने।<br>• कार्यक्रमसम्बन्धी अभिलेख, प्रगति विवरण, सफलताका कथाहरु तथा प्रतिवेदन तयार गरी पेश गर्ने।<br>• सबै गतिविधिहरुमा बाल संरक्षण, समावेशी शिक्षा तथा बालमैत्री अभ्यासहरु सुनिश्चित गर्ने।<br>• शिक्षा, समाजकार्य, विकास अध्ययन वा सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण तथा शिक्षा/सामुदायिक परिचालन क्षेत्रमा कार्य अनुभव भएको। |
| आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु | माथि उल्लेखित योग्यता पुगेका ईच्छुक नेपालि नागरिकताहरुले व्यक्तिगत विवरण (Bia-Data), निवेदन, नेपालि नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता, तालिम र कार्य अनुभव पत्रहरुको प्रतिलिपि सहित पद प्रष्ट रुपमा खुलाई २ जना सन्दर्भ व्यक्ति (Reference Person) हरुको नाम सम्पर्क नम्बर र ईमेल सहित सम्पुर्ण कागजातहरु स्व: प्रमाणित गरी संस्थाको शाखा कार्यालय, जलेश्वर वा जनकपुरधाम ४, (विश्वकर्मा चोक) वा ईमेल :dswcn.vacancy2023@gmail.com मा आवेदन ईमेल गर्न सकिन्छ । | |
| आवेदन दिने अन्तिम मिति | सुचना प्रकाशित भएको मिति ५ दिन भित्र कार्यालय समयमा र अन्तिम दिन विदा परे सोको भोलि पल्ट । | |
| जानकारीका लागि | फोन नं ०४४-५२०५४१, ९८४४२७०२३३, ९८५४०२९२७७, ९८०१६६६४६१ | |

तोकिएको मिति भित्र पर्न आएको आवेदकहरुको संक्षिप्त सूचि (Short list) तयार गरिनेछ साथै संक्षिप्त सूचिमा परेका आवेदकहरुलाई मात्र लिखित र मौखिक अन्तरवार्ता प्रक्रियामा समावेश गरिनेछ ।

कुनै पनि आवेदन वा सम्पुर्ण आवेदनहरु स्विकार/अस्विकार गर्ने अधिकार दलित समाज उत्थान समिति नेपालमा सुरक्षित रहनेछ ।

दलित समाज उत्थान समिति नेपाल र कार्यक्रम कर्मचारीमा विविधताको प्रर्वद्र गर्दछ र कर्मचारीको छनौटमा महिला तथा दलित, जनजाति, मधेश तथा अन्य अल्पसंख्यक समुदायका उम्मेदवारहरुको समावेशिकरणको लागि सकारात्मक विभेदको आधारमा विशेष ग्राह्यता प्रदान गर्दछ ।

जलेश्वर टुडे
Jaleshwor Today Daily


# अरू खराब भएर रास्वपा राम्रो हुने होइन



-रास्वपाले पाएको लोकप्रियता पुराना दलहरूको असफलता र जनआक्रोशको परिणाम हो, तर उसले आफैंमा नयाँ मूल्य र व्यवहार देखाउन सकेको छैन । दलित, महिला, यौनिक अल्पसंख्यक लगायत सीमान्तकृत समुदायको प्रतिनिधित्व र समावेशीकरणमा रास्वपाले ठोस कदम चालेको देखिँदैन । रास्वपाले विकास, समावेशिता र नेतृत्वका सवालमा स्पष्ट दृष्टिकोण र व्यवहार देखाउन नसके पुराना दलकै बाटो दोहोर्याउने खतरा छ । देश रास्वपामय भएको छ। रास्वपाले आज जे मत पाएको छ, त्यो पाउनु त्यस पार्टीका नेताहरूले गरेको राम्रो कामको मात्रै फल होइन ।

वर्षौंदेखि सत्ता र सत्ता वरपर मात्रै रहेका ठूला दलहरूको चिन्तन, भाषण र शासनको कार्यशैली नमिलेकै कारण मत रास्वपातिर सोहोरिएको हो। एकातिर पुराना दल अकर्मण्य थिए, पुराना दलका पुरानै अनुहार थिए । अर्कोतिर रास्वपाको नयाँ शैली थियो, नयाँ उम्मेदवार थिए । यही यथार्थबीच मतदाता नयाँतिर तानिए। रास्वपाले जुन मत पाएको छ, त्यो कुनै बेला बहुदलीय व्यवस्थामा कांग्रेससँग, कुनै बेला एमालेसँग, कुनै बेला माओवादीसँग थियो । उनीहरूले केही पनि गरेनन् भन्ने होइन तर समय र आवश्यकताको मागअनुरूप परिणामचाहिँ दिन सकेनन् ।

दलीय व्यवस्थामा दलहरू बदलिए पनि दलमा नेतृत्व गर्ने समूह कहिल्यै बदलिएन । र, नेतृत्वमा को थियो ? त्यो बुझ्न हामीले समाजको सफ्टवेयर बुझ्नुपर्छ। त्यो हो, धर्मको सफ्टवेयर । जसले धार्मिक व्यवस्था बनाए, शासन प्रणाली र नीतिहरू बनाए, तिनैले नीति-निर्माता पनि बनाए । त्यसैको उपज हो, समाजमा विद्यमान जात व्यवस्था । उनीहरूले जात व्यवस्था कमजोर नहुने शैली बनाए । अनि को सम्मानित हुने र को अपमानित ? भन्ने सामाजिक व्यवस्थालाई बलियो बनाए । यसको मार अहिले पनि दलित, महिला र यौनिक अल्पसंख्यकले भोगिरहेकै छन् । नयाँ र वैकल्पिक भनिने दलले पुराना नेताप्रति पोखेको द्वेषबाट 'अरू खराब छन्, त्यसैले हामी राम्रा' भन्ने सामाजिक भाष्य निर्माण भएको छ ।कांग्रेस हेर्नुस् कि माओवादी वा एमाले- सबैभित्र जात व्यवस्थाको सोपान छ । उनीहरूले जात व्यवस्थाकै शासन बलियो बनाए, जसबाट समाजको एउटा तप्काले सधैं हेपिएको र दमनको महसुस गर्‍यो । पुराना दलका नेताले गरेका वाचा, व्यवहार र दिएका परिणाम ( देशमा बेरोजगारी, विभेद, नेपो बेबी, नातावाद-कृपावादको चरम अवस्था, भ्रष्टाचार काण्ड, अख्तियार दुरुपयोग) को उनीहरूले भेउ पाए अनि असन्तुष्टि झाँगियो । आक्रोश बढ्दै गयो । यस्तो आक्रोश सामाजिक सञ्जालमा पनि फैलियो । क्रमशः यही कुरा जेन-जी विद्रोहमा पनि मिसिएर प्रकट भयो। यही पृष्ठभूमिमा नयाँ दल रास्वपा उदायो । अहिले नयाँ र वैकल्पिक भन्ने दलहरूले पुराना नेताप्रति पोखेको द्वेषले 'अरू खराब छन्, त्यसैले हामी अहिलेका राम्रा' भन्ने सामाजिक भाष्य निर्माण भएको छ। विवेकशील नेपाली दलका संस्थापक नेता उज्ज्वल थापाले वैकल्पिक राजनीतिको बाटो कोरेका थिए । उनीसँग केही विषयमा प्रस्ट विचार थियो- राजनीति किन गर्ने ? गर्दा कसरी गर्ने ? के परिणाम ल्याउन गर्ने ? उनीसँग केही राजनीतिक मूल्य थियो । त्यो थियो- जे गरेर पनि नजित्ने ? इमान्दार र स्वस्थ प्रतिस्पर्धा गरेरै जित्ने । आफ्नै व्यवहारले नै राम्रो हुने, अरूले गरेका राम्रा कुराप्रति कृतज्ञ हुने। उनी लोकतन्त्रका निमित्त ज्यान गुमाएका प्रति कृतज्ञ थिए । तर, के अहिलेका वैकल्पिक भनिएका दलमा थापाले देखाएको राजनीतिक मूल्यको ज्ञान छ ?

मधेश जहिल्यै विभेदमा पर्दा उनले मधेशप्रति पहाडका साथीले देख्ने दयाको दृष्टि अर्थात् 'सहानुभूति' चिर्दै मानवीय समवेदना र आफ्नोपन अनुभूति गराउने नयाँ शब्द थपे- 'समानुभूति' । अब सहानुभूति होइन, समानुभूति चाहियो । आजका वालेन्द्र शाह र रवि लामिछाने त्यही आन्दोलनका प्रभाव हुन् । रास्वपा महाधिवेशनले दिएको एउटा सन्देश हो- गाउँघरमा मानिस दलदलमा विभाजित हुने होइन, साझा उद्देश्यका लागि एकै ठाउँमा जम्मा हुने हो, एकअर्काको सहयात्री बन्ने हो । देशमा जति दल छन्, ती सबै देश बनाउनै खुलेका हुन् । उनीहरूको असन्तुष्टि हेर्ने हो भने थाहा लाग्छ- कहीं न कहीं उनीहरू तीन कुरामा फरक भेटिन्छन् । ती तीन कुरा जान्न प्रख्यात उद्यमी र अमेरिकन लेखक साइमेन सिनेकको 'गोल्डेन सर्कल' अवधारणा बुझ्नुपर्छ। त्यसमा तीन घेरा छन्, जसमा भित्रबाट बाहिर जाँदा पहिलो घेराभित्र छ- ह्वाई ? दोस्रोमा छ- हाउ ? र, तेस्रोमा छ- ह्वाट ? पहिलो घेराको मुख्य आशय हो, के-का लागि राजनीति गर्ने ? र, त्यसमा क्लियर हुने । दोस्रो घेराको आशय छ- जेका लागि गर्छौं, त्यो प्राप्तिका माग र रणनीति के हुन् ? के गरे त्यो प्राप्ति हुन्छ र त्यसका लागि कति मूल्य चुकाउनुपर्छ ? कसले के-के गुमाउनुपर्छ ? कति समय लाग्छ ? तेस्रो घेराको आशय हो- के भएमा स्तुति हुने ? स्तुतिको चेकलिस्ट के हो ? को-को सन्तुष्ट हुने ? सफलताको इन्डिकेटर के हुने ? यी परिणाम पूरा गर्ने क्रममा के-के गर्दैनौं ? न्यूनतम आचारसंहिता के हुने ? पहिलो, दोस्रो र तेस्रो कुरा रास्वपाका नेताहरूको भाषणमा, व्यवहारमा र चिन्तनमा देखा पर्छ कि पर्दैन ? यति कुरामा स्पष्टता चाहिन्छ । हाम्रो देशमा नीतिहरूमा आधारित नेता होइन, नेतामा आधारित नीति र कार्यक्रम हाबी छ । देशको तथ्यांकले जुन-जुन इन्डिकेटरमा काम गर्न र पैसा खन्याउन भन्छ, त्यसमा त्यो कामै नगरी आफू जसरी 'पपुलर' भइन्छ, त्यसैमा पैसा खन्याउने अवस्था निर्माण गरिन्छ ।

**साभार : कान्तिपुर ।**


## सूचना ! सूचना !! सूचना !!!

जनताको पिरमार्का सुन्न र रचनात्मक सुझावहरु ग्रहण गर्न मधेश प्रदेश सरकार सधैं तत्पर र जागरुक छ। साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ ।

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा

## सूचना ! सूचना !! सूचना !!!

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुम्रपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा

## सूचना ! सूचना !! सूचना !!!

बन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदावार जडीबुटीको अबैध ओसार-पोसार र जीवजन्तुको अबैध सिकार नगरौं ।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम, धनुषा

## सूचना ! सूचना !! सूचना !!!

धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्द्धन गरौं । पर्यटकीय स्थलहरु स्वच्छ र सफा राखौं ।

मधेश प्रदेश सरकार
उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम धनुषा


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday